# सामुदायिक बीउ बैंकसम्बन्धी दोस्रो राष्ट्रिय कार्यशाला गोष्ठी

## वि.सं. २०७५ वैशाख २०-२२ गते, ललितपुर, नेपाल




# प्रतिवेदन, सुझाउ र कार्ययोजना
# (Workshop Recommendation and Action Plan)

२०७५ श्रावण

NARC　LI-BIRD　Bioversity International

# नेपालमा सामुदायिक बीउ बैंक: सङ्क्षिप्त चिनारी र दोस्रो राष्ट्रिय कार्यशाला गोष्ठी

## पृष्ठभूमि

वि.सं. २०५० मा ललितपुर जिल्लाको दलचोकीबाट शुरु भएको सामुदायिक बीउ बैंकसम्बन्धी काम हाल नेपालका ३५ जिल्लाहरूमा फैलिइसकेको छ र यसको विकास र विस्तार निरन्तर भइरहेको छ । गैरसरकारी संस्थाको अगुवाईमा थालनी भएको यस कामलाई नेपाल कृषि अनुसन्धान परिषद्ले वि.सं. २०६० मा र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले वि.सं. २०६५ देखि विभिन्न नीति तथा कार्यक्रमहरूमा समावेश गरी कार्यान्वयन गरिरहेको छ । नेपालमा हालसम्म स्थापना गरिएका सामुदायिक बीउ बैंकहरूले तीव्रगतिमा लोप भइरहेका कृषि जैविक विविधताको यथास्थानीय तथा घरखेतीस्थलीय संरक्षण गर्न र कृषकहरूको खेतबारी र हावापानी सुहाउँदा थरीथरीका बीउहरू सर्वसुलभ रूपमा उपलब्ध गराउन अहम् भूमिका निर्वाह गरिरहेका छन् । यसलाई बीउमा कृषक अधिकार कायम गर्ने र खाद्यसम्प्रभुता सुनिश्चित गर्ने पद्धतिका रूपमा पनि विश्वव्यापी रूपमा प्रस्तुत गर्न थालिएको छ ।

विश्वका अन्य देशहरूमा जस्तै नेपालमा पनि विभिन्न स्वरूप र आकारप्रकारका सामुदायिक बीउ बैंकहरू स्थापना तथा सञ्चालन भइरहेका छन् । यसले समुदायलाई दिने सेवा तथा सुविधाहरूमा पनि विविधता छ । नेपालमा सामुदायिक बीउ बैंकसम्बन्धी भएगरेका काम तथा नतिजाको आदान-प्रदान गर्ने र त्यसको अभिलेखीकरण गर्ने उद्देश्यले सामुदायिक बीउ बैंक स्थापना तथा व्यवस्थापनमा संलग्न सरकारी, गैरसरकारी तथा साझेदार सङ्घसस्थाहरूको सहभागितामा वि.सं. २०६९ को जेठ महिनामा पोखरामा सामुदायिक बीउ बैंकसम्बन्धी पहिलो राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । उक्त गोष्ठीमा प्रस्तुत गरिएका कार्यपत्रहरू समावेश गरी प्रकाशन गरिएको पुस्तकले नेपालमा सामुदायिक बीउ बैंकसम्बन्धी भएका कामलाई बाहिरी संसारमा प्रचारप्रसार गर्न थप मद्दत पुऱ्याएको थियो ।

कृषि जैविक विविधता नीति (२०६३ र यसको पहिलो संशोधन २०७१), सामुदायिक बीउ बैंक कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६५) र राष्ट्रिय बीउबिजन दुरदृष्टि (वि.सं. २०६९ देखि २०८१) मा सामुदायिक बीउ बैंक प्रवर्द्धन गर्ने कुरा समावेश गरिनुले नेपाल सरकारले सामुदायिक बीउ बैंकलाई महत्त्व दिएको कुरा स्पष्ट हुन्छ । सामुदायिक बीउ बैंक स्थापना तथा व्यवस्थापनका लागि तत्कालीन गाँउ विकास समिति, हालको गाँउपालिका तथा नगरपालिका र जिल्ला कृषि विकास कार्यालयहरूको भूमिका तथा सहयोग पनि सह्रानीय नै रहेको छ । तर माथि उल्लिखित नीति, निर्देशिका र कानूनमा उल्लिखित प्रावधानहरूको कार्यान्वयन स्थिति समीक्षा गर्ने हो भने धेरै काम गर्न बाँकी नै रहेको देखिन्छ ।

नेपालमा सामुदायिक बीउ बैंकको थालनी भएको दुई दशक नाघिसकेको छ र यसको निरन्तर विकास र विस्तार पनि भइरहेको छ । नेपालमा भइरहेका सामुदायिक बीउ बैंकसम्बन्धी असल

अभ्यासहरूले अन्तर्राष्ट्रिय स्तरमा पनि सकारात्मक प्रभाव पारिरहेका छन् । तर विभिन्न सरकारी निकाय, गैरसरकारी सङ्घसंस्था र कृषक समुदायहरूमा सामुदायिक बीउ बैंक बारेको बुझाइमा अझ पनि एकरूपता छैन । हालसम्म कृषक समूह, सहकारी संस्था वा स्थानीय गैरसरकारी संस्थाहरूले एउटा क्रियाकलापको रूपमा सामुदायिक बीउ बैंक सञ्चालन गरिरहेका छन् । तर हालसम्म नेपालका कुन-कुन संस्थाहरूले किन, कति र कसरी सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन गरिरहेका छन् भन्ने कुराको सही तथ्याङ्क कुनै पनि निकायसँग छैन । अतः नेपालमा सामुदायिक बीउ बैंक सम्बन्धमा भएका कामलाई एकत्रित, थप परिष्कृत र मुलप्रवाहीकरण गर्नु अपरिहार्य देखिन्छ ।

यी माथिका कुराहरूलाई मध्यनजर गरी नेपाल कृषि अनुसन्धान परिषद, जैविक विविधता अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) र बायोभर्सिटि  ईन्टरनेशनलको संयुक्त आयोजनामा वि.सं. २०७५ वैशाख २०, २१ र २२ गते ललितपुरमा सामुदायिक बीउ बैंकसम्बन्धी दोस्रो राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव डा. युवकध्वज जि.सी., नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक डा. वैद्यनाथ महतो, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रका प्रमुख, कृषि विभागअन्तर्गत बाली विकास निर्देशनालयका कार्यक्रम निर्देशक, राष्ट्रिय जीन बैंकका प्रमुख, बायोभर्सिटी ईन्टरनेशलनका नीति विश्लेषक, विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू, नेपालका विभिन्न भौगोलिक स्थानहरूमा स्थापना भएका सामुदायिक बीउ बैंकका प्रमुख तथा प्रतिनिधहरू सहित ६३ जनाको उपस्थिति रहेको उक्त कार्यशाला गोष्ठीले कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र मातहतका निकायहरू, नेपाल कृषि अनुसन्धान परिषद् र यस विषयमा काम गर्ने तथा सरोकार राख्ने अन्य सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूले कार्यान्वयन गर्ने गरी नेपालमा सामुदायिक बीउ बैंकसम्बन्धी कार्यलाई अझ परिष्कृत, परिमार्जित, एकत्रित र प्रभावकारी रूपमा अघि बढाउनका लागि गोष्ठीका सहभागिहरूका तर्फबाट निम्न सुझाउहरू तथा कार्ययोजना पेश गर्दछौंः

## सुझाउहरू (Workshop Recommendation)

१. **सामुदायिक बीउ बैंकको वैधानिकता, सूचिकृत, नियमन र नवीकरण गर्ने निकायको व्यवस्था :**
नेपालमा सामुदायिक बीउ बैंकहरू कृषक समूह, सहकारी वा स्थानीय गैरसरकारी संस्थाहरूले सञ्चालन गरिरहेका छन् । हालसम्म कुनै पनि कानुनले सामुदायिक बैंकको वैधानिकताका लागि दर्ता, सूचीकृत र नियमन गर्ने निकायको व्यवस्था गरेको छैन । फरक-फरक निकायमा दर्ता हुने र आ-आफ्नै तरिकाले सामुदायिक बीउ बैंकको स्थापना र सञ्चालन गर्दा नेपालमा के-कति सामुदायिक बीउ बैंक कुन अवस्थामा छन् र उनीहरूले के-कस्ता काम गरिरहेका छन् भन्ने कुराको जानकारी पाउन पनि कठिन छ । अतः सामुदायिक बीउ बैंकलाई यसैका नामबाट वा अन्य तरिकाबाट दर्ता, नवीकरण र नियमन गर्ने सङ्घीय वा प्रादेशिक निकाय तोक्नु आवश्यक छ । साथै सामुदायिक बीउ बैंकको मुख्य उद्देश्य कृषि जैविक विविधताको यथास्थानीय तथा घरखेतीस्थलीय संरक्षण गर्नु रहेको र राष्ट्रिय जीन बैंकको क्षेत्राधिकारभित्र यो काम पनि समावेश

भएकाले सामुदायिक बीउ बैंकहरू स्थानीय वा प्रादेशिक वा सङ्घीय तहको जुनसुकै निकायमा दर्ता भए तापनि राष्ट्रिय जीन बैंकमा पनि सूचीकृत र निश्चित अवधिमा नवीकरण गर्ने र आवश्यक तथ्याङ्क अद्यावधिक गर्ने व्यवस्था गर्न अनुरोध गरिन्छ ।

२. **सामुदायिक बीउ बैंकको वर्गीकरण तथा मापदण्ड निर्धारण** : नेपालमा ली–बर्ड, अक्सफाम, एक्शन एड लगायत थुप्रै गैरसरकारी संस्थाहरू, दातृनिकायहरू, बाली विकास निर्देशनालय र राष्ट्रिय जीन बैंकले विभिन्न जिल्लाहरूमा सामुदायिक बीउ बैंक स्थापना तथा व्यवस्थापनमा सहजीकरण गरिरहेका छन् । सामुदायिक बीउ बैंक स्थापना गर्न सहयोग गर्ने निकाय अनुसार सामुदायिक बीउ बैंकको कामको दायरा, आकारप्रकार र काम गर्ने तौरतरिका पनि आ–आफ्नै किसिमका छन् । यी कुराहरूले हामीलाई के यी सबै सामुदायिक बीउ बैंक हुन् त भन्ने कुरा सोच्न बाध्य पार्दछ । सामुदायिक बीउ बैंकको विश्वव्यापी मान्यता, परिभाषा र नेपालमा वि.सं. २०६९ जेठ महिनामा सम्पन्न सामुदायिक बीउ बैंक सम्बन्धि पहिलो राष्ट्रिय कार्यशाला गोष्ठीले सामुदायिक बीउ बैंक भन्नका लागि कृषि जैविक विविधताको यथास्थानीय संरक्षण र घरखेतीस्थलीय संरक्षणमा अनिवार्य संलग्न भएको हुनुपर्ने परिभाषित गरेको छ । तर सामुदायिक बीउ बैंक हुनका लागि कम्तीमा के–कति कृषि जैविक विविधता संरक्षण गर्नुपर्दछ, कति सदस्य हुनुपर्दछ, के–कस्ता व्यक्तिहरू सामुदायिक बीउ बैंकको सदस्य बन्न सक्दछन् भन्ने कुराहरू अझ पनि अनुत्तरित नै छन् । अतः यी कुराहरूलाई ध्यान दिई निश्चित मापदण्ड बनाई हाल सञ्चालनमा रहेका र भविष्यमा स्थापना हुने सामुदायिक बीउ बैंकहरूको वर्गीकण गर्नु आवश्यक छ ।

राष्ट्रिय जीन बैंकले समेटेका अन्य संरक्षण विधिहरू जस्तै सामुदायिक जीन बैंक, सामुदायिक फिल्ड जीन बैंक, विद्यालय फिल्ड जीन बैंक, गाँउस्तरीय फिल्ड जीन बैंक, जलीय कुण्ड जीन बैंक आदिलाई स्थापना तथा व्यवस्थापनमा पनि आवश्यक पहल गर्नुपर्ने देखिन्छ । त्यसै गरी हाल जानकारीमा आएअनुसार तनहुँ, लमजुङ, गोर्खा र सिन्धुपाल्चोक जिल्लाहरूमा आँपका रैथाने जातहरूका पुराना बगैंचाहरू प्रशस्त रहेको पाइएका छन् । तर बहुसङ्ख्यक बगैंचाहरू संरक्षणको अभावमा मासिने र महत्त्वपूर्ण रैथाने जातहरू लोप हुने खतरामा छन् । अतः ती बगैंचाहरूको पहिचान गरी सामुदायिक फिल्ड जीन बैंकको अवधारणा अनुसार समुदायलाई संरक्षण, उपयोग र व्यवस्थापनमा जिम्मेवार बनाउनका लागि आवश्यक कदम चाल्न अनुरोध गरिन्छ ।

३. **सामुदायिक बीउ बैंकसम्बन्धी नियमित कार्यक्रम तथा बजेट विनियोजन** : बाली विकास निर्देशनालयको सामुदायिक बीउ बैंक स्थापनासम्बन्धी कार्यक्रम र सामदायिक बीउ बैंकहरूको अनुरोधमा जिल्ला कृषि विकास कार्यालय, राष्ट्रिय जीन बैंक र गाउँपालिका तथा नगरपालिकाहरूले आकल झुकल विनियोजन गरिएको बाहेक हालसम्म कुनैपनि सरकारी निकायबाट सामुदायिक बीउ बैंक स्थापना तथा व्यवस्थापनका लागि नियमित रूपमा बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन भएको छैन । अतः कृषि जैविक विविधताको दिगो यथास्थानीय र घरखेतीस्थलीय संरक्षण तथा उपयोगका लागि सरकारी संयन्त्रबाट नियमित बजेट विनियोजन गर्नु आवश्यक छ ।

४. **कृषि जैविक विविधता संरक्षण क्षेत्र तथा सामुदायिक बीउ बैंक स्थापना गर्ने स्थानको पहिचानः** नेपाल कृषि जैविक विविधतामा धनी छ भनेर हामी भनिरहेका छौं । तर नेपालका सबै भौगोलिक क्षेत्रमा कृषि जैविक विविधताको स्थिति समान छैन । नेपालका सबै स्थानमा कृषि जैविक विविधता संरक्षण गर्न सम्भव नहुन पनि सक्छ । अतः कृषि जैविक विविधतामा धनी भएका क्षेत्रहरू पहिचान गरी कृषि जैविक विविधता संरक्षणसम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । ती क्षेत्रमा सञ्चालन गरिने विविध कृषि जैविक विविधता संरक्षण तथा उपयोगका क्रियाकलापहरू मध्ये सामुदायिक बीउ बैंक एउटा मुख्य क्रियाकलापका रूपमा सञ्चालन गर्न सकिन्छ । कृषि जैविक विविधता संरक्षण क्षेत्र पहिचान गरी सामुदायिक बीउ बैंकलगायतका क्रियाकलापहरू सञ्चालन गर्दा हालको जस्तो जहाँपायो त्यहीं र संस्था अनुकूलको सामुदायिक बीउ बैंक स्थापना गर्ने प्रचलन पनि घटेर जाने देखिन्छ ।

५. **स्थानीय जातहरूको दर्ताप्रक्रियाको सहज व्यवस्था** : नेपालमा अझ पनि धेरै कृषकहरूले थुप्रै बालीहरूका स्थानीय जातहरू खेती गरिरहेका छन् । तीमध्ये धेरै जातहरू उपयोगी गुणहरूले भरिपूर्ण भएका र उत्पादन र आम्दानीको पक्षबाट पनि उन्नत जातहरूसँग प्रतिस्पर्धा गर्न सक्ने किसिमका छन् । तर ती जातहरूलाई वर्तमान कानुनी प्रावधान, विधि र प्रक्रियाबाट दर्ता गर्न त्यति सहज छैन । तसर्थ स्थानीय जातहरूको दर्ताप्रक्रिया सरलीकरण गरी उपयोगी गुण भएका प्रतिस्पर्धी जातहरू सकेसम्म चाँडो दर्ता गर्ने व्यवस्था मिलाई ती जातहरूलाई व्यवसायिक तहमा बीउ-उत्पादन र प्रचारप्रसारमा टेवा पुऱ्याउनु आवश्यक छ ।

६. **मस्यौदा कानूनहरूमा सामुदायिक बीउबैंकसम्बन्धी प्रावधानहरू थप गर्ने** : हाल कृषि जैविक विविधता संरक्षणसँग सम्बन्धित तीनवटा काननूहरू मस्यौदाका रूपमा छन् । ती हुन् क) विरुवाको जात संरक्षण तथा कृषक अधिकारसम्बन्धी मस्यौदा कानून्, ख) आनुवंशिक स्रोतमा पहुँच तथा लाभको बाँडफाँडसम्बन्धी मस्यौदा कानून र ग) कृषि जैविक विविधता संरक्षण तथा उपयोगसम्बन्धी मस्यौदा कानून । तर यी तीनवटै मस्यौदा कानुनहरूमा कृषि जैविक विविधताको संरक्षण र उपयोगमा सामुदायिक बीउ बैंकको भूमिकाको चर्चा र त्यसको प्रवर्धन गरिने कुरा समावेश गरिएको छैन । अतः यी मस्यौदा कानूनहरू सङ्घीय संसदमा पेश हुनुअगावै सामुदायिक बीउ बैंकको भूमिका र महत्त्व समावेश गर्न पहल गर्नु आवश्यक छ ।

७. **राष्ट्रिय कृषि जैविक विविधता संरक्षण पुरस्कारको व्यवस्था** : नेपालमा कृषि विकास र उन्नत प्रविधि प्रसारमा उल्लेखनीय भूमिका निर्वाह गरिरहेका कृषक, कृषक समूह, व्यक्ति, संस्थाहरूलाई प्रोत्साहनका लागि जिल्ला र राष्ट्रिय स्तरमा पुरस्कारको व्यवस्था छ । तर हालसम्म कृषि जैविक विविधता संरक्षण र उपयोग प्रवर्धनमा लागेका कृषक, कृषक समूह, व्यक्ति र संस्थाहरूलाई प्रोत्साहन गर्ने किसिमको पुरस्कारको व्यवस्था भएको देखिंदैन । त्यसैले कृषि जैविक विविधता संरक्षण र उपयोग प्रवर्धनमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति तथा संस्थाहरूलाई प्रोत्साहनका लागि एउटा व्यक्तिगत र एउटा सामूहिक पुरस्कारको व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

८. **स्थानीय र प्रादेशिक सरकारको नीति तथा कार्यक्रममा सामुदायिक बीउ बैंकको समावेशः** देशको परिवर्तित संरचना र अवस्था अनुसार तीव्रगतिमा लोप भइरहेका कृषि आनुवंशिक

स्रोतहरूको पहिचान, संरक्षण र प्रवर्द्धनका लागि स्थानीय तथा प्रादेशिक सरकारले पनि कृषि जैविक विविधताको महत्त्व र त्यसको संरक्षणको आवश्यकता महसुस गरी स्थानीय एवं प्रादेशिक सरकारको नीति तथा कार्यक्रममा सामुदायिक बीउ बैंक स्थापना कार्यक्रम समावेश गर्न सङ्घीय सरकारले नीति, नियम, मार्गदर्शन र निर्देशन दिनु आवश्यक देखिन्छ ।

९. **सामुदायिक बीउ बैंक राष्ट्रिय समन्वय समितिको सबलीकरण** : नेपालमा कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न सामुदायिक बीउ बैंकहरूको प्रथम राष्ट्रिय भेला वि.सं. २०६९ फागुन २८ गते देखि ३० गतेसम्म कचोर्वा सामुदायिक बीउ बैंक बारामा सम्पन्न भएको थियो । उक्त भेलाको अन्त्यमा सामुदायिक बीउ बैंक राष्ट्रिय समन्वय समिति गठन गरिएको थियो । उक्त समिति र समितिमा आबद्ध सदस्य सामुदायिक बीउ बैंकहरू वर्षमा एकपटक भेला भई आ–आफ्ना सामुदायिक बीउ बैंकहरूले वर्षभरि गरेका कामको प्रगति समीक्षा, र बीउ र सूचनाको आदानप्रदान गर्ने गरिरहेका छन् । यसबाट सामुदायिक बीउ बैंकका सदस्यहरू र सामुदायिक बीउ बैंकको क्षमता विकासमा योगदान पुगिरहेको छ । तर हालसम्म भएगरेका क्रियाकलापहरू मूलतः गैरसरकारी संस्थाहरूले सञ्चालन गर्ने परियोजनाको सहयोगमा आधारित छन् जुन दिगो नहुन पनि सक्छन् । अतः केही खुट्किलो पार गरिसकेको सामुदायिक बीउ बैंक राष्ट्रिय समन्वय समितिको थप क्षमता विकास गरी दिगो र प्रभावकारी बनाउन सम्बन्धित निकायबाट नियमित रूपमा कार्यक्रम तथा बजेट विनियोजन गर्न सकिएमा कृषि जैविक विविधता संरक्षणको क्षेत्रमा भविष्यमा सकारात्मक भूमिका निर्वाह गर्न सक्ने देखिएकाले यसतर्फ पनि सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछौं ।

१०. **भौगोलिक सङ्केतको प्रयोग** : सामुदायिक बीउ बैंकमार्फत विभिन्न स्थानीय जातहरूका विशिष्ट गुणहरूको पहिचान र अध्ययन–अनुसन्धानमा जोड दिई स्थानविशेष अनुसारको मौलिक कृषि उपजहरूको उत्पादन र बजारीकरणमा भौगोलिक सङ्केतको प्रयोगका लागि आवश्यक रकम विनियोजन तथा प्राविधिक सहयोगमा जोडदिन आवश्यक छ ।

## कार्ययोजना (Action Plan)

सामुदायिक बीउ बैंकसम्बन्धी दोस्रो राष्ट्रिय कार्यशाला गोष्ठीका सहभागीहरूले प्रस्तुत गरेका कार्यपत्र, गोष्ठी अवधिमा भएको समूह छलफल र सहभागीहरूले दिएको सुझाउका आधारमा सामुदायिक बीउ बैंक स्थापना तथा व्यवस्थापनमा प्रत्यक्ष सहजीकरण तथा सहयोग गर्दै आएका सरकारी तथा गैरसरकारी सङ्घसंस्था र सामुदायिक बीउ बैंकहरूले यस विषयमा आगामी दिनमा कार्यान्वयन गर्नुपर्ने २७ बुँदे कार्ययोजना तयार पारी निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## नेपालमा सामुदायिक बीउ बैंकसम्बन्धी कामलाई थप प्रभावकारी र सुदृढ गर्न आगामी दिनमा गर्नुपर्ने कामको सूचीः

| क्र.सं. | कार्यसूची | जिम्मेवार निकायहरू |
|---|---|---|
| १. | नेपालमा हालसम्म स्थापना गरिएका सामुदायिक बीउ बैंकहरूको विवरण (Inventory) तयार गर्ने | राष्ट्रिय जीन बैंक, ली-बर्ड |
| २. | सामुदायिक बीउ बैंक राष्ट्रिय समन्वय समितिको दर्ता गर्ने | ली-बर्ड, राष्ट्रिय जीन बैंक, बायोभर्सिटी इन्टरनेशनल |
| ३. | सामुदायिक बीउ बैंकसम्बन्धी राष्ट्रिय अवधारणपत्र तयार पार्ने र सामुदायिक बीउ बैंक स्थापनाका लागि उपयुक्त भौगालिक क्षेत्र र सङ्ख्या निर्धारण गर्ने | राष्ट्रिय जीन बैंक, बाली विकास निर्देशनालय, बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, ली-बर्ड, बायोभर्सिटी इन्टरनेशनल |
| ४. | सामुदायिक बीउ बैंक, सामुदायिक जीन बैंक र सामुदायिक फिल्ड जीन बैंकहरूले संरक्षण गरेका स्थानीय बाली तथा जातहरू र अन्य कामहरूबारेको जानकारी तथा तथ्याङ्क व्यवस्थापन तथा नियमित अध्यावधिक गर्ने | राष्ट्रिय जीन बैंक, ली-बर्ड, एक्सन एड, सामुदायिक बीउ बैंक राष्ट्रिय समन्वय समिति |
| ५. | कृषि जैविक विविधता संरक्षण तथा उपयोगमा सामुदायिक बीउ बैंकले निर्वाह गरेको भूमिका सम्बन्धी प्रभाव अध्ययन गर्ने | राष्ट्रिय जीन बैंक, ली-बर्ड, बायोभर्सिटी इन्टरनेशनल |
| ६. | सामुदायिक बीउ बैंकहरूले संरक्षण गरेका विभिन्न बालीहरूका स्थानीय जातहरूको गुण, विशेषता र चरित्र अध्ययन र जातीय मूल्याङ्कन गर्ने | सामुदायिक बीउ बैंक, राष्ट्रिय जीन बैंक, ली-बर्ड |
| ७. | सामुदायिक बीउ बैंकहरूले संरक्षण गरेका विभिन्न बालीहरूका स्थानीय जातहरूको बीउ प्रदर्शन र जातीय अभिलेख 'क्याटलग' तयार पार्ने | राष्ट्रिय जीन बैंक, ली-बर्ड, एक्सन एड, अक्सफाम, सामुदायिक बीउ बैंक |
| ८. | स्थानीय जातहरूको राष्ट्रिय स्तरमा सूचीकृत र दर्ता गर्ने | सामुदायिक बीउ बैंक, राष्ट्रिय जीन बैंक, ली-बर्ड, बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र |
| ९. | संरक्षक कृषक, सामुदायिक बीउ बैंक, सामुदायिक जीन बैंक र सामुदायिक फिल्ड जीन बैंकहरूलाई वार्षिक रूपमा पुरस्कृत गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, कृषि विभाग, नेपाल कृषि अनुसन्धान परिषद्, गैरसरकारी सङ्घसंस्था |
| १०. | कृषि जैविक विविधता व्यवस्थापनका लागि सामुदायिक बीउ बैंकको अवधारणालाई विश्वविद्यालयको कोर्षमा समावेश गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, राष्ट्रिय जीन बैंक, ली-बर्ड, कृषि तथा वन विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय, हिकास्ट |
| ११. | सामुदायिक बीउ बैंक र सामुदायिक बीउ बैंक राष्ट्रिय समन्वय समितिको क्षमता अभिवृद्धि गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, कृषि विभाग, राष्ट्रिय जीन बैंक, ली-बर्ड, बायोभर्सिटी इन्टरनेशनल, एक्सन एड, अक्सफाम |
| १२ | स्थानीय जात सुधारमार्फत संरक्षण (Landrace conservation through enhancement) | नेपाल कृषि अनुसन्धान परिषद्, ली-बर्ड, बायोभर्सिटी इन्टरनेशनल |
| १३ | स्थानीय बालीहरू र जातमा आधारित खाद्य परिकार उत्पादन तथा बजारीकरण गर्ने | सामुदायिक बीउ बैंक, कृषि विभाग, ली-बर्ड |

| क्र.सं. | कार्यसूची | जिम्मेवार निकायहरू |
|---|---|---|
| १४ | स्थानीय जातहरूमा पाइने पोषक तत्वको विश्लेषण गर्ने | नेपाल कृषि अनुसन्धान परिषद्, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग, ली-बर्ड, बायोभर्सिटी इन्टरनेशनल |
| १५ | कृषि जैविक विविधतामा भौगोलिक सङ्केतको अवधारणा अध्ययन र अवलम्वन गर्ने | नेपाल कृषि अनुसन्धान परिषद्, ली-बर्ड, बायोभर्सिटी इन्टरनेशनल, सामुदायिक बीउ बैंक |
| १६ | स्थानीय एवं प्रादेशिक सरकारको नीति तथा कार्यक्रममा सामुदायिक बीउ बैंक समावेश गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, ली-बर्ड, |
| १७ | सामुदायिक बीउ बैंकहरूबीच नियमित छलफल, अन्तर्क्रिया र जानकारी आदानप्रदान गर्ने | कृषि विभाग, राष्ट्रिय जीन बैंक, ली-बर्ड, बायोभर्सिटी इन्टरनेशनल |
| १८ | सामुदायिक बीउ बैंक, सामुदायिक फिल्ड जीन बैंक र सामुदायिक जीन बैंकहरूका लागि वार्षिक बजेट विनियोजन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, कृषि विभाग, राष्ट्रिय जीन बैंक, प्रादेशिक तथा स्थानीय सरकार, गैरसरकारी सङ्घसंस्थाहरू |
| १९ | सामुदायिक बीउ बैंकहरू सफल रूपमा सञ्चालनका लागि कार्ययोजना, व्यवसायिक योजना र मार्गचित्र तयार पर्ने | कृषि विभाग, ली-बर्ड, राष्ट्रिय जीन बैंक |
| २० | सामुदायिक जैविक विविधता व्यवस्थापन कोष स्थापना गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, कृषि विभाग, राष्ट्रिय जीन बैंक, प्रादेशिक तथा स्थानीय सरकार, गैरसरकारी सङ्घसंस्थाहरू |
| २१ | सामुदायिक बीउ बैंक, सामुदायिक जीन बैंक र सामुदायिक फिल्ड जीन बैंकहरूलाई कृषि अनुसन्धान केन्द्र, बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र र कृषि विभागसँग समन्वय गराउने | नेपाल कृषि अनुसन्धान परिषद्, बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, कृषि विभाग |
| २२ | व्यवसायिक सीप विकास, मूल्यश्रृङ्खला विकास, मूल्य अभिवृद्धि र वस्तु उत्पादनमा विविधीकरण गर्ने | नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विभाग, स्थानीय तथा प्रादेशिक सरकार, गैरसरकारी सङ्घसंस्था |
| २३ | कृषि जैविक विविधता संरक्षक कृषकहरूको पहिचान र प्रवर्द्धन गर्ने | राष्ट्रिय जीन बैंक, कृषि विभाग, ली-बर्ड, बायोभर्सिटी इन्टरनेशनल |
| २४ | सामुदायिक बीउ बैंकहरूको कामको दायरा विस्तार गर्ने | सामुदायिक बीउ बैंक, सामुदायिक बीउ बैंक राष्ट्रिय समन्वय समिति |
| २५ | सामुदायिक बीउ बैंकको महत्त्व र आवश्यकता बारेमा स्थानीय र प्रादेशिक सरकारी निकायरूको चेतना अभिवृद्धि गर्ने | कृषि विभाग, ली-बर्ड, एक्सन एड, अक्सफाम |
| २६ | कृषि जैविक विविधता सम्बन्धी मस्यौदा कानूनहरू (कृषि जैविक विविधता संरक्षण तथा उपयोग, आनुवंशिक स्रोतमा पहुँच तथा लाभको बाँडफाँड र बिरूवाको जात संरक्षण तथा कृषक अधिकार) मा सामुदायिक बीउ बैंक समावेश गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, राष्ट्रिय जीन बैंक, बायोभर्सिटी इन्टरनेशनल, ली-बर्ड |
| २७ | कृषि जैविक विविधताका असल अभ्यासहरू (विविधता मेला प्रदर्शनी, खाद्य मेला, विविधता प्रदर्शनी स्थल आदि) को निरन्तर विस्तार गर्ने | सामुदायिक बीउ बैंक, ली-बर्ड, राष्ट्रिय जीन बैंक, बायोभर्सिटी इन्टरनेशनल, अक्सफाम, एक्सन एड |

## सामुदायिक बीउ बैंकसम्बन्धी दोस्रो राष्ट्रिय कार्यशाला गोष्ठीका सहभागिहरू

| क्र.सं. | नाम | पद | संस्था |
|---|---|---|---|
| १. | डा. युवकध्वज जि.सी. | सचिव | कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबार, काठमाडौं |
| २. | डा. बैद्यनाथ महतो | कार्यकारी निर्देशक | नेपाल कृषि अनुसन्धान परिषद्, खुमलटार, ललितपुर |
| ३. | लेखनाथ आचार्य | सहसचिव | कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबार, काठमाडौं |
| ४. | डा. मिननाथ पौडेल | प्रमुख | राष्ट्रिय जीन बैंक, खुमलटार, ललितपुर |
| ५. | डा. आनन्द गौतम | निर्देशक | नेपाल कृषि अनुसन्धान परिषद्, खुमलटार, ललितपुर |
| ६. | मदन थापा | प्रमुख | बीउविजन गुणस्तर नियन्त्र केन्द्र, हरिहर भवन ललितपुर |
| ७. | बिमल थापा | कार्यक्रम निर्देशक | बाली विकास निर्देशनालय, कृषि विभाग, हरिहर भवन ललितपुर |
| ८. | डा. रामकृष्ण श्रेष्ठ | वरिष्ठ कृषि प्रसार अधिकृत | प्रविधि प्रसार निर्देशनालय, कृषि विभाग, हरिहर भवन ललितपुर |
| ९. | अनिल आचार्य | वरिष्ठ बागवानी विकास अधिकृत | कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबार, काठमाडौं |
| १०. | मुकुन्द भुषाल | वरिष्ठ बाली विकास अधिकृत | बाली विकास निर्देशनालय, कृषि विभाग, हरिहर भवन ललितपुर |
| ११. | डा. तारा घिमिरे | प्रमुख | बीउ विज्ञान तथा प्रविधि अनुसन्धान महाशाखा, खुमलटार, ललितपुर |
| १२. | डा. बाल कृष्ण जोशी | वरिष्ठ बैज्ञानिक | राष्ट्रिय जीन बैंक, खुमलटार, ललितपुर |
| १३. | कृष्णहरी घिमिरे | वरिष्ठ बैज्ञानिक | राष्ट्रिय जीन बैंक, खुमलटार, ललितपुर |
| १४. | दिपा सिंह श्रेष्ठ | वरिष्ठ बैज्ञानिक | राष्ट्रिय जीन बैंक, खुमलटार, ललितपुर |
| १५. | डा. रोनि भरनोई | वरिष्ठ बैज्ञानिक | बायोभर्सीटी इन्टरनेशनल, रोम, इटाली |
| १६. | डा. देवेन्द्र गौचन | राष्ट्रिय परियोजना व्यवस्थापक | बायोभर्सिटि इन्टरनेशनल, नेपाल |
| १७. | सफल खतिवडा | राष्ट्रिय परियोजना सहायक | बायोभर्सिटि इन्टरनेशनल, नेपाल |
| १८. | भरत भण्डारी | कार्यक्रम कार्यान्वयन निर्देशक | ली-बर्ड, पोखरा |
| १९. | डा. विकास पौडेल | कार्यक्रम विकास निर्देशक | ली-बर्ड, सानेपा, ललितपुर |
| २०. | योगेन्द्र मल्ल | सदस्य | घण्टेश्वर सामुदायिक बीउ बैंक, डोटी |
| २१. | राममणि पाण्डे | अध्यक्ष | रामपुर सामुदायिक बीउ बैंक, दाङ् |
| २२. | पार्वती भण्डारी | अध्यक्ष | अग्यौली सामुदायिक बीउ बैंक, नवलपरासी |
| २३. | सिताराम बजगाई | सदस्य | पुर्कोट सामुदायिक बीउ बैंक, तनहुँ |
| २४. | डिल्लि पौडेल | अध्यक्ष | शिवगञ्ज सामुदायिक बीउ बैंक, झापा |
| २५. | नरमाया कार्की | सदस्य | शिवगञ्ज सामुदायिक बीउ बैंक, झापा |
| २६. | डिल्लि जिमी | अध्यक्ष | तामाफोक सामुदायिक बीउ बैंक, संखुवासभा |
| २७. | रामएकवाल यादव | अध्यक्ष | सामुदायिक बीउ बैंक राष्ट्रिय समन्वय समिति |

| क्र.सं. | नाम | पद | संस्था |
|---|---|---|---|
| २८. | गोमा भण्डारी | सदस्य | मसुरिया सामुदायिक बीउ बैंक, कैलाली |
| २९. | कुमारी कृष्णा | सदस्य | कर्चोवा सामुदायिक बीउ बैंक, बारा |
| ३०. | महानारायण यादव | सदस्य | कर्चोवा सामुदायिक बीउ बैंक, बारा |
| ३१. | हरि बहादुर रावत | सदस्य | हाँकु सामुदायिक बीउ बैंक, जुम्ला |
| ३२. | कविता जैसी | कोषाध्यक्ष | हाँकु सामुदायिक बीउ बैंक, जुम्ला |
| ३३. | नेत्र बहादुर खड्का | अध्यक्ष, | जुगु सामुदायिक बीउ बैंक व्यवस्थापन, दोलखा |
| ३४. | कृष्ण प्रसाद अधिकारी | कोषाध्यक्ष | प्रगतिशिल कृषि सहकारी, मराम्चे, कास्की |
| ३५. | खगेश्वर जंग गुरूङ | अध्यक्ष | घनपोखरा सामुदायिक बीउ बैंक, लमजुङ |
| ३६. | रत्न कुमारी गुरूङ | सदस्य | घनपोखरा सामुदायिक बीउ बैंक, लमजुङ |
| ३७. | ऐठन शाही | उपाध्यक्ष | छिप्रा सामुदायिक बीउ बैंक, हुम्ला |
| ३८. | रूम्फा उपाध्याय | सदस्य | छिप्रा सामुदायिक बीउ बैंक, हुम्ला |
| ३९. | छुम्रु सरदार थारू | अध्यक्ष | चारपाते सामुदायिक बीउ बैंक, ग्रामथान गाउँपालीका, मोरङ |
| ४०. | आशाराम चौधरी | कोषाध्यक्ष | शंकरपुर सामुदायिक बीउ बैंक, कञ्चनपुर |
| ४१. | रामस्वरूप चौधरी | सदस्य | गदरिया सामुदायिक बीउ बैंक, कैलाली |
| ४२. | मोहन हमाल | अधिकृत | रैनास, लमजुङ |
| ४३. | नवलसिंह खत्री | अध्यक्ष | पवित्र बीउ व्यवसाय, सुर्खेत, सहकारी |
| ४४. | दिपेन्द्र केशरी न्यौपाने | बाली प्रजनक | नेपाल बीउ व्यवसायी संघ, काठमाडौं |
| ४५. | महेश बडाल | जीविकोपार्जन तथा प्राकृतिक स्रोत संयोजक | एक्शनएड नेपाल, काठमाडौं |
| ४६. | शिवनारायण चौधरी | कार्यक्रम अधिकृत | एक्शनएड नेपाल, विराटनगर |
| ४७. | प्रकाश सुवेदी | कार्यक्रम अधिकृत | अक्सफाम, ललितपुर |
| ४८. | सुरेन्द्र श्रेष्ठ | तथ्याङ्क व्यवस्थापन अधिकृत | राष्ट्रिय जीन बैंक, खुमलटार, ललितपुर |
| ४९. | सञ्जय कार्की | प्राविधिक सहायक | राष्ट्रिय जीन बैंक, खुमलटार, ललितपुर |
| ५०. | पीताम्बर श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, नेपालगञ्ज |
| ५१. | राजीव ढकाल | बाली प्रजनक | ली-बर्ड, पोखरा |
| ५२. | रीता गुरूङ | कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |
| ५३. | निरन्जन पुडासैनी | कार्यक्रम अधिकृत | ली-बर्ड, दोलखा |
| ५४. | सरोज पन्त | परियोजना अधिकृत | ली-बर्ड, हुम्ला |
| ५५. | प्रगति बाबु पनेरू | परियोजना अधिकृत | ली-बर्ड, जुम्ला |
| ५६. | रितेश यादव | परियोजना अधिकृत | ली-बर्ड, पोखरा |
| ५७. | श्रीराम सुवेदी | प्राविधिक सहायक | ली-बर्ड, लमजुङ्ग |
| ५८. | बृन्दा लिंखा | प्राविधिक सहायक | ली-बर्ड, दोलखा |
| ५९. | ऋषिराम अधिकारी | | सञ्चार, प्रकाशन तथा अभिलेख महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद्, खुमलटार, ललितपुर |
| ६०. | लेखनाथ पोखरेल | पत्रकार | हिमालय टाइम्स, काठमाडौं |
| ६१. | डिल्लिरमण सुवेदी | पत्रकार | कृषि टेलिभिजन, काठमाडौं |
| ६२ | रन्जन के.सी. | पत्रकार | कृषि टेलिभिजन, काठमाडौं |
| ६३ | ध्रुब प्रसाद सापकोटा | अध्यक्ष | दलचोकी सामुदायिक बीउ बैंक, कोन्ज्योसोम गाउँपालीका, दलचोकी ललितपुर |

## प्रतिवेदन तथा सुझाउ र कार्ययोजना पेश गरिएका निकायहरू

१. मन्त्री, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबार, काठमाडौं
२. सचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबार, काठमाडौं
३. कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबार प्लाजा, काठमाडौं
४. प्रमुख, बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहर भवन, ललितपुर
६. महानिर्देशक, कृषि विभाग, हरिहर भवन, ललितपुर
७. कार्यक्रम निर्देशक, बाली विकास निर्देशनालय, कृषि विभाग, हरिहर भवन, ललितपुर
८. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, १ नं. प्रदेश, विराटनगर
९. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २ नं. प्रदेश, जनकपुर
१०. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, ३ नं. प्रदेश, हेटौडा
११. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा
१२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, ५ नं. प्रदेश, बुटवल
१३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत
१४. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, ७ नं. प्रदेश, धनगढी
१५. जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड), पोखरा
१६. एक्शन एड ईन्टरनेशनल नेपाल, काठमाडौं
१७. अक्सफाम ईन्टनरनेशनल, ललितपुर

## सामुदायिक बीउ बैंकसम्बन्धी दोस्रो राष्ट्रिय कार्यशाला गोष्ठी आयोजकका तर्फबाट गोष्ठीको प्रतिवेदन तथा सुझाउ र कार्ययोजना तयारकर्ताहरू

» **पीताम्बर श्रेष्ठ,** वरिष्ठ कार्यक्रम अधिकृत, जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड), पोखरा
» **डा. बालकृष्ण जोशी,** वरिष्ठ वैज्ञानिक, राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (राष्ट्रिय जीन बैंक), खुमलटार, ललितपुर
» **कृष्णहरि घिमिरे,** वरिष्ठ वैज्ञानिक, राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (राष्ट्रिय जीन बैंक), खुमलटार, ललितपुर
» **डा. देवेन्द्र गौचन,** राष्ट्रिय परियोजना व्यवस्थापक, बायोभर्सिटी ईन्टरनेशनल, खुमलटार, ललितपुर

थप जानकारीका लागि सम्पर्क :

जैविक विविधता, अनुसन्धान तथा
विकासका लागि स्थानीय पहल (ली-बर्ड)
पो.ब.नं. ३२४, पोखरा, कास्की, नेपाल
फोन ०६१-५२६८३४, ५३५३५७
इमेल : info@libird.org
वेब : www.libird.org

राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जीन बैंक)
नेपाल कृषि अनुसन्धान परिषद्
खुमलटार, ललितपुर, नेपाल
पो.ब.नं. ३०५५, काठमाडौं
फोन ०१-५२७५११८
इमेल: narc.genebank@gmail.com
वेब: www.narc.gov.np/national-agriculture-genetic-resources-center-genebank/